➤ मिति २०७४/०५/१८ गते सम्पन्न नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु :

**प्रस्तावहरु**

१) नगरपालिकाको कार्यालय संचालनको लागि घरभाडामा लिने सम्बन्धमा ।

२) कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

३) फोहोर व्यवस्थापन र कन्टेनर खरिद सम्बन्धमा ।

४) सवारी साधन खरिद सम्बन्धमा ।

५) प्राविधिक कर्मचारी सम्बन्धमा ।

६) छाडा पशुचौपाया सम्बन्धमा ।

७) आ.ले.प. सम्बन्धमा ।

८) ग्रामिण सडक मर्मत सुधार सम्बन्धमा ।

९) दैवि प्रकोप व्यवस्थापन सम्बन्धमा ।

१०) कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा ।

११) प्रहरी चौकी स्थापना सम्बन्धमा ।

१२) कृषि विकास र पशुसेवा अन्तर्गतका करार कर्मचारी सम्बन्धमा ।

१३) रुपान्तरण संस्थाको कार्यक्रम स्वीकृती सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा यस बनगाड कुपिण्डे नगरपालिकाको आफ्नो भवन नभएको हुँदा हाल नगरपालिका रहेको भवन (साबिकको देवस्थल गा.वि.स भवन) बाट दैनिक प्रशासनिक, लेखा, जिन्सी लगायतका कामकाज संचालन गर्न पर्याप्त कोठा नभई कामकाज गर्न असहज स्थिति सिर्जना भएको हुँदा यस नगरपालिकाको वडा नं. १ देवस्थलमा कम्तिमा ६ कोठा भएको आधुनिक घर नगरपालिकाको कार्यालय संचालनको लागि भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत कायम भएका वडाहरुमा तत्काल वडा सचिव पर्याप्त मात्रामा पूर्ति हुन नसकेको हुँदा साबिकमा स्थानीय निकायमा कार्यरत स्थायी कर्मचारीहरुलाई अर्को व्यवस्था नहुँदा सम्मको लागि वडा कार्यालयको कामकाज संचालन गर्ने गरी वडा सचिवको रुपमा जिम्मेवारी तोकी कामकाज गर्नको लागि कार्यकारी अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।